# हंसपुर गा.वि.स.का परियार जातिको शिक्षामा पहुँच

त्रिभुवन विश्वविद्यालय शिक्षाशास्त्र संकाय, स्नातकोत्तर तह दोस्रो वर्ष
पाठ्यक्रम तथा मूल्याङ्कन विशिष्टिकरण विषयको आंशिक
आवश्यकता पूरा गर्नका लागि प्रस्तुत
शोधप्रतिवेदन

शोधकर्ता
कमल प्रसाद अधिकारी
परीक्षा रोल नं. :– २८००५५/०६६
त्रि.वि. दर्ता नं.:– ९–२–५०–१०९६–२००३

त्रिभुवन विश्वविद्यालय, शिक्षाशास्त्र सङ्काय केन्द्रीय विभाग
(पाठ्यक्रम तथा मूल्याङ्कन शिक्षण विभाग)
कीर्तिपुर काठमाण्डौ
२०६८

हंसपुर गा.वि.स.का परियार जातिको शिक्षामा पहुँच - कमल प्रसाद अधिकारी २०६८

## सिफारिस पत्र

त्रिभुवन विश्वविद्यालय शिक्षाशास्त्र केन्द्रीय विभाग पाठ्यक्रम तथा मूल्याङ्कन विभाग अन्तर्गत स्नाकोत्तर तह द्वितीय वर्ष कोड नं. ५९८ को आंशिक आवश्यकता पुरा गर्नको लागि छात्र कमल प्रसाद अधिकारीले मेरो प्रत्यक्ष सुपरिवेक्षणमा रही **हंसपुर गा.वि.स. का परियार जातिको शिक्षामा पहुँच** शीर्षकमा तयार गर्नु भएको शोधपत्र अन्तिम मूल्याङ्कनको लागि सिफारिस गर्दछु ।

...........................

चोलाकान्त घिमिरे

शोधनिर्देशक

शिक्षाशास्त्र केन्द्रीय विभाग

## स्वीकृति-पत्र

त्रिभुवन विश्वविद्यालय, शिक्षाशास्त्र केन्द्रीय विभाग, कीर्तिपुर, काठमाडौं, पाठ्यक्रम तथा मूल्याङ्कन विभाग अन्तर्गत स्नाकोत्तर तह द्वितीय वर्ष कोड नं. ५९८ को आंशिक आवश्यकता पुरा गर्नको लागि छात्र कमल प्रसाद अधिकारीले **हंसपुर गा.वि.स. का परियार जातिको शिक्षामा पहुँच** शीर्षकमा तयार गर्नु भएको शोध प्रतिवेदन स्वीकृत गरिएको छ ।

| **मूल्याङ्कन समिति** | **हस्ताक्षर** |
|---|---|
| सह. प्रा. नारायण बस्नेत<br>विभागीय प्रमुख | ........................ |
| चोलाकान्त घिमिरे<br>शोध निर्देशक | ........................ |
| प्रा.डा. प्रेमनारायण अर्याल<br>वाह्य परीक्षक | ........................ |

मिति : २०६८/०१/

# कृतज्ञता ज्ञापन

त्रिभुवन विश्वविद्यालय शिक्षाशास्त्र केन्द्रीय विभाग, पाठ्यक्रम तथा मूल्याङ्कन विभाग अन्तरगत स्नाकोत्तर तह द्वितीय वर्ष कोड नं. ५९८ को आंशिक आवश्यकता पुरा गर्नको लागि 'हंसपुर गा.वि.स. का परियार जातिको शिक्षामा पहुँच' शीर्षकमा शोधपत्र तयार पारेको छु । यस शोध प्रतिवेदनमा हंसपुर गा.वि.स. भित्र रहेका सम्पूर्ण परियारहरूको शैक्षिक अवस्था, शैक्षिक पहुँचमा देखिएका समस्या र शैक्षिक पहुँच बढाउने उपायहरू उल्लेख गरिएको छ । यस अध्ययन प्रतिवेदनले हंसपुर गा.वि.स. मा बसोबास गर्ने परियार जातिको बारेमा जानकारी लिन खोज्ने जुनसुकै व्यक्ति वा संस्थालाई पूर्ण सहयोग गर्ने छ भन्ने कुरामा म विश्वस्त छु ।

प्रस्तुत शोधपत्र पुरा गर्न सुरुदेखि अन्त्यसम्म आवश्यक मार्गदर्शन र सुपरीवेक्षणमा अमूल्य समय प्रदान गर्नुहुने आदरणिय गुरु चोलाकान्त घिमिरेज्यूप्रति हार्दिक कृतज्ञता ज्ञापन गर्दछु । साथै पाठ्यक्रम तथा मूल्याङ्कन विभाग अन्तर्गत रहेर आवश्यक सल्लाह, सुझाव र सहयोग निरन्तर रूपमा प्रदान गरिरहनु भएका सम्पूर्ण आदरणिय गुरुहरूप्रति आभारी छु ।

अध्ययनको क्रममा अमूल्य समय दिई आवश्यक सूचना तथा प्रतिक्रियाहरू उपलब्ध गराइदिनु हुने सम्पूर्ण परियार समुदायका अभिभावकहरूलाई हार्दिक धन्यवाद दिन चाहन्छु । लक्षित समूह छलफलमा सहभागि भई आफ्ना मनोगत गहन सूचना उपलब्ध गराइ सहयोग गरिदिने शिक्षक, व्यापारी तथा समाजसेवीलाई हृदयदेखि नै धन्यवाद दिन चाहन्छु । त्यस्तै गरी सूचना संकलनकै क्रममा लक्षित समूह छलफलमा सहभागि परियार जातिका बालबालिकाहरूलाई पनि धन्यवाद नदिइरहन सक्तिन । अन्त्यमा यस शोध पत्रलाई कम्प्युटर टाइप गरी सहयोग पुऱ्याउनु हुने सुनेश फोटोकपी एण्ड कम्प्युटर सर्भिसका सुनेश श्रेष्ठलाई धन्यवाद दिन चाहन्छु ।

कमलप्रसाद अधिकारी

# शोधसार

यो अध्ययन हंसपुर गा.वि.स. का परियार जातिमा गरिएको छ । विभिन्न अध्ययन अनुसन्धानले देखाए अनुसार अन्य जातिको तुलनामा दलितहरूको शैक्षिक पहुँच कम देखिन्छ ता पनि अन्तर दलितबीचको शैक्षिक अवस्था के कस्तो छ ? दलितहरूमा पनि कुन जातजाति शैक्षिक दृष्टिकोणले सबैभन्दा पछाडि परिरहेका छन् ? भन्ने बारेमा छुट्टा-छुट्टै रुपमा गरिएका अधययनहरू कम नै पाइन्छन् । त्यसैले यो अध्ययन हंसपुर गा.वि.स.का सम्पूर्ण परियारको तहगत संख्यात्मक शैक्षिक अवस्था पत्ता लगाउने, विद्यालय उमेरका विद्यालय जाने र नजाने बालबालिकाको संख्यात्मक अवस्था पत्ता लगाउने, बालबालिका विद्यालय जानु र नजानुका कारणहरू पहिचान गर्ने तथा विद्यालय जान वाधा पुऱ्याउने तत्वहरू हटाउने उपायको खोजी गर्ने मुख्य उद्देश्य लिई संचालन गरिएको थियो ।

यस अध्ययनमा प्रत्येक परियारहरूको घर-घरमा गइ परिवारका सम्पूर्ण सदस्यहरूको नाम, उमेर, पेशा, शिक्षा र आम्दानी सम्बन्धी व्यक्तिगत विवरण संकलन गरिएको थियो । त्यसैगरी बालबालिकाको शैक्षिक अवस्था लगायतका विभिन्न विवरणहरूको जानकारी प्राप्त गर्न प्रत्येक घरमूली अभिभावकलाई अन्तरवार्तामा सहभागि गराइएको थियो । १० जना अगुवा व्यक्ति र १० जना विद्यलाय नजाने बालबालिकालाई छुट्टा-छुट्टै रुपमा लक्षित समूह छलफल गरी उद्देश्यसँग सम्बन्धित गहन सूचना संकलन गरिएको थियो ।

यो अध्ययन सर्वेक्षण विधिमा आधारित भएको हुनाले प्राथमिक स्रोतबाट र सहायक स्रोतबाट परिमाणात्मक र गुणात्मक सूचना संकलन तथा विश्लेषण गरिएको छ ।

अध्ययनबाट परियार समुदायको कुल जनसंख्या ४४४ रहेको पाइयो । १५ वर्षभन्दा माथिल्लो उमेरका कुल २६ ८ जना मध्ये ७५ (३८%) जना निरक्षर रहेको पाइयो । ५ वर्षभन्दा माथिल्लो उमेरको सबै जनसंख्यालाई आधार मान्दा ८१ प्रतिशत साक्षर भएको दे्खिन्छ । तहगत शैक्षिक अवस्थालाई हेर्दा सामान्य लेखपढ गर्ने १८० जना, कक्षा ६ उत्तीर्ण गर्ने ८४ जना, कक्षा ८ उत्तीर्ण गर्ने २५ जना, टेष्ट पास गर्ने ६ जना, एस.एल.सी. पास गर्ने ११ जना र आइ.ए. पास गने ५ जना मात्र रहेको पाइयो । यस प्रकार माथिल्लो तहमा परियारहरूको शैक्षिक पहुँच अत्यन्त न्यून रहेको देखियो । परियारहरूको विद्यालय जाने बालबालिकाको तहगत विवरणलाई हेर्दा प्राथमिक तहमा १०२ जना, निम्न माध्यमिक तहमा १९ जना र माध्यमिक तहमा ७ जना गरी जम्मा १२८ जना बालबालिका विद्यालय जाने गरेको पाइयो । यसरी बालबालिकाको शैक्षिक स्थितिलाई हेर्दा प्रा.वि. मा बढी सहभागिता भएको तथा नि.मा.वि. र मा.वि. तहमा सहभागिता क्रमशः न्यून हुँदै गएको पाइयो । उमेर समूह अनुसारको भर्ना स्थितिलाई हेर्दा पनि प्रा.वि.,

नि.मा.वि. र मा.वि.को खुद भर्नादर क्रमश : १००, ७, र शुन्य (०) देखियो । विद्यालय उमेर भित्रका ५ प्रतिशत बालबालिका विद्यालयमा नगएको पाइयो ।

विद्यालय उमेरका प्रायजसो सबै बालबालिका विद्यालयमा भर्ना हुनुको कारणहरूमा परियार अभिभावकमा आफ्ना बालबालिकालाई सामान्य साक्षर भए पनि बनाउनुपर्छ भन्ने धारणाको विकास हुनु, गाउँ समाजमा अन्य सबै जातजातिका बालबालिका विद्यालय जानु, निरक्षर अभिभावकहरू पनि व्यक्तिगत भोगाइ र अनुभवका आधारमा पढाउनु पर्छ भन्ने मानसिकता विकास हुनु, कतिपय शिक्षित परियारहरू पेशा परिवर्तन गरि आय आर्जन वृद्धि गर्नु जस्ता कारणहरू रहेको पाइयो । बालबालिकाहरू बीचमा पढाइ छोड्नु वा विद्यालयमै नजानुको प्रमुख कारण व्यापक गरीबि वा आर्थिक समस्या रहेको पाइयो । यसबाहेक जनचेतनाको अभाव, शिक्षाप्रतिको निराशावादी धारणा, सामाजिक विकृतीको प्रभाव बालबालिकामा पर्नु, वैदेशिक रोजगारमा जाने लहर चल्नु, बालबालिकाहरू पढाइमा प्रेरणा नपाउनु, पढाइमा कमजोर भइ अनुत्तीर्ण हुनु जस्ता थुप्रै कारणहरू रहेको देखियो । विद्यालयहरूमा जि.सि.का.बाट प्राप्त दलित छात्रवृत्ति समानुपातिक हिसावले वितरण गर्ने गरेको तर उक्त छात्रवृत्तिले मात्र शैक्षिक सहभागितामा खासै फरक पार्न नसकेको भनाइ अगुवा व्यक्तिवाट सुनियो ।

समग्रमा भन्नुपर्दा विभिन्न कारणले गर्दा हंसपुर गा.वि.स.का परियार जातिको शैक्षिक अवस्था कमजोर देखिएको हुँदा परियारहरूको शैक्षिक पहुँच बढाउँन, परियारहरूलाई विभिन्न तरिकाबाट सचेतीकरण गर्नुपर्ने, परम्परागत पेशालाई व्यवसायिक बनाउनु पर्ने, परम्परागत पेशालाई व्यवसायिक बनाउनु पर्ने, निरक्षरता उन्मुलनको लागि पहल गर्नुपर्ने, युवाहरूलाई स्वरोजगारमूलक तालिमको व्यवस्था गरि काममा लगाउनुपर्ने, शिक्षालाई व्यवसायिक तथा सीपमूलक बनाइनुपर्ने, परियारहरूलाई विभिन्न सेवा क्षेत्रमा प्रवेश गराउनुपर्ने जस्ता उपायहरू अपनाउनु पर्ने निष्कर्ष अध्ययनले निकालेको छ ।

## विषयसूची


| | | |
|---|---|---|
| **सिफारिस पत्र** | | I |
| **स्वीकृति पत्र** | | II |
| **कृतज्ञता ज्ञापन** | | III |
| **शोधसार** | | IV |
| **विषयसूची** | | VI |
| **तालिका सूची** | | IX |
| **अध्याय एक : परिचय** | | **१–७** |
| १.१ | पृष्ठभूमि | १ |
| १.२ | समस्याको कथन | ४ |
| १.३ | अध्ययनको औचित्य | ५ |
| १.४ | अध्ययनको उद्देश्य | ६ |
| १.५ | अध्ययनको सिमाङ्कन | ६ |
| १.६ | मुख्य शब्दावलिको परिभाषा | ७ |
| १.७ | संक्षिप्त रूपहरू | ८ |
| **अध्याय दुई** | | **९–१३** |
| २.१ | सैद्धान्तिक साहित्यको समीक्षा | ९ |
| २.२ | पूर्व साहित्यको समीक्षा | १० |
| २.३ | अवधारणात्मक ढाँचा | १३ |
| **अध्याय तीन** | | **१४–१६** |
| ३.१ | अनुसन्धान विधि | १४ |
| ३.२ | अध्ययनको ढाँचा | १४ |
| ३.३ | क्षेत्र र नमूना छनोट | १४ |
| ३.४ | जनसंख्या र नमुना छनोट प्रक्रिया | १४ |
| ३.५ | साधनहरूको निर्माण र तथ्याङ्क संकलन | १५ |

| | | |
|---|---|---|
| ३.६ | साधनहरूको प्रमाणिकरण | १५ |
| ३.७ | तथ्याङ्कको विश्लेषण र व्याख्या | १५ |
| ३.८ | नीतिगत पक्षहरू | १६ |
| **अध्याय चार : अध्ययन क्षेत्रको परिचय** | | **१६-२२** |
| ४.१ | पृष्ठभूमि | १७ |
| ४.२ | भू-बनोट | १७ |
| ४.३ | जलवायु | १८ |
| ४.५ | वनजंगल | १८ |
| ४.५ | शैक्षिक संस्थाहरू | १८ |
| ४.६ | यातायात र सञ्चार | १९ |
| ४.७ | प्रमुख सरकारी र गैर सरकारी संस्थाहरू | १९ |
| ४.८ | उद्योगधन्दा | २० |
| ४.९ | धार्मिक, ऐतिहासिक र पर्यटकीय स्थलहरू | २० |
| ४.१० | जातजाति, भाषा, धर्म, संस्कृति र रहनसहन | २० |
| ४.११ | पेशा तथा व्यवसाय | २१ |
| ४.१२ | जनसंख्या र शैक्षिक विवरण | २१ |
| **अध्याय पाँच : तथ्याङ्कको विश्लेषण र व्याख्या** | | **२३-४२** |
| ५.१ | परिचय | २३ |
| ५.२ | वस्ति वितरण अवस्था | २३ |
| ५.३ | उमेर तथा लिङ्गका आधारमा जनसंख्या विवरण | २५ |
| ५.४ | परिवारका किसिम र सदस्य संख्या | २३ |
| ५.५ | पेशा तथा आर्थिक अवस्था | २६ |
| ५.६ | वैदेशिक रोजगारमा जानेको विवरण | २८ |
| ५.७ | तहगत शैक्षिक अवस्था | २८ |
| ५.८ | उमेर समूह अनुसार विद्यालय जाने र नजाने बालबालिकाहरू | ३० |
| ५.९ | विद्यालय उमेरका बालबालिकाहरू विद्यालय जानुका कारणहरू | ३२ |
| ५.१० | बालबालिकाहरू बीचमा विद्यालय छोड्नु तथा विद्यालय नजानुका कारणहरू | ३४ |

५.१०.१ कक्षा छोड्नेको संख्यात्मक अवस्था ३४

५.१०.२ बीचमा विद्यालय छोड्नुका कारणहरू ३५

५.११ परियारहरूको शैक्षिक पहुँच बढाउने उपायहरू ३७

**अध्याय छ : प्राप्ती, निष्कर्ष र सुझावहरू** **४३-४६**

६.१ प्राप्ती ४३

६.२ निष्कर्ष ४५

६.३ सुझावहरू ४६

**सन्दर्भसूची**

**अनुसूचीहरू**

# तालिका सूची


| | | | |
|---|---|---|---|
| तालिका १ | : | नेपालका दलित जातिहरू | ३ |
| तालिका २ | : | हंसपुर गा.वि.स.मा संचालित विद्यालय विवरण | १९ |
| तालिका ३ | : | हंसपुर गा.वि.स.को जनसंख्या र शैक्षिक विवरण | २२ |
| तालिका ४ | : | हंसपुर गा.वि.स. मा बसोबास गर्ने परियारहरू (वार्ड, घरधुरी र जनसंख्या) | २३ |
| तालिका ५ | : | हंसपुर गा.वि.स.का परियारहरूको (उमेर र लिङ्गका आधारमा) जनसंख्या विवरण | २४ |
| तालिका ६ | : | हंसपुर गा.वि.स. परियारको परिवारको वर्गीकरण | **२५** |
| तालिका ७ | : | सदस्य संख्याको आधारमा पारिवारिक विवरण | २५ |
| तालिका ८ | : | पेशागत सख्याको आधारमा पारिवारिक विवरण | २६ |
| तालिका ९ | : | हंसपुर गा.वि.स. का परियारहरूको अनुमानित आम्दानी विवरण | २६ |
| तालिका १० | : | हंसपुर गा.वि.स. बाट बैदेशिक रोजगारमा जाने परियारहरूको विवरण | २८ |
| तालिका ११ | : | हंसपुर गा.वि.स.का परियारहरूको शैक्षिक अवस्था | २९ |
| तालिका १२ | : | उमेर समूह अनुसार विद्यालय जाने र नजाने बालबालिकाको संख्यात्मक अवस्था | ३१ |
| तालिका १३ | : | परियार जातिका बालबालिकाको तहगत भर्नादर | ३१ |
| तालिका १४ | : | बालबालिका विद्यालय पठाउनुका कारणहरू | ३२ |
| तालिका १५ | : | बालबालिका विद्यालय जानुका कारणहरू | ३४ |
| तालिका १६ | : | कुल संख्यामा कक्षा छोडेका परियारहरूको संख्यात्मक विवरण | ३४ |
| तालिका १७ | : | पढाइ छोड्नुका कारणहरू | ३५ |
| तालिका १८ | : | शैक्षिक पहुँच बढाउने उपायहरू | ३८ |